# नेपाली साहित्यमा नारी लेखन

भारती गौतम
बोष्टन

# पृष्ठभूमि

- “पुस्तक ले सभ्यतालाई बोकेका हुन्छन्।किताब विना ईतिहास मुक हुन्छ,साहित्य लाटो हुन्छ, विज्ञान कुंजो हुन्छ अनि विचार र कल्पनाहरु जड हुन्छन्”।
  - – प्रसिद्ध अमेरिकी ईतिहासकार र लेखिका बारबरा डब्ल्यू टचम्यान।
- लिखित साहित्य प्रभावशाली
  - – एन फ्र्याङ्कको डायरी

# पृष्ठभूमि

- साहित्यलाई
  - समाजको आत्मा मान्न सकिन्छ
  - समाजको दर्पण मान्न सकिन्छ
- साहित्यको आरम्भ मानव सभ्यताको आरम्भ संगै हुनु पर्ने हो
  - तर अभिव्यक्ति माध्यमका स्रोत, साधनको सिमितता (लिपिको आविस्कार, आदि)

# पृष्ठभूमि

- लिखित साहित्यको आरम्भ अगाडि
  - मौखिक साहित्य
  - दन्त्य कथा
  - एकले अर्कोलाई सुनाएका कथा, कविता (वेद, धर्म शास्त्रका कुरा)
- वुढा मरे, भाखा सरे
  - समय साथ समाज परिवर्तन, विकास (आखिरमा साहित्य समाजको दर्पण न हो)

# पृष्ठभुमि

- धेरै समय सम्म पुरुषको नै आधिपत्य
  - – पुरुष लेखकहरुले केवल लेखिदिए पुग्ने
  - – साहित्य सिर्जन वातावरण (तालिम, समय आदि) तुलनात्मक रुपले धेरै सहज
- तर नारीकालागि
  - – घर परिवारको रेखदेखनै महत्वपूर्ण र एकमात्र कार्यक्षेत्र
  - – बिहे अगाडी वावुको अनि विहे पछि पतिको अनि आखिरमा छोराको संरक्षणमा रहनु पर्ने
  - – घर बाहिरको जीवनको अनुमति पनि थिएन
  - – साहित्य सिर्जना थुप्रै अड्चन

# पृष्ठभूमि-विश्व साहित्य

- विश्व साहित्य लेखन-प्रकाशन
  - पुरुष: १२रौं र १३रौं शताव्दी
  - नारी: १८रौं शताव्दी
- अमेरिकी नारी साहित्यको ईतिहास
  - कोलोनियल कालमा आदिबासीहरु (रेड ईन्डियन) बन्दी बनाइएका महिलाहरुलको लेखन- सोह्रौं शताव्दीमा मेरी रोल्यान्डसनको जीवनी पहिलो प्रकाशित कृति थियो।
- तर, परिस्कृत रुपमा युरोपमा नारी साहित्यिक हस्ताक्षर को शुरुवात अठारौं शताव्दिको आरम्भ तिर: जेन अस्टिनका (सेन्स एन्ड सेन्सिविलिटी, प्राईड एन्ड प्रेडुजिस)

# पृष्ठभूमि-विश्व साहित्य(अँग्रेजी)

- १८ रौं शताव्दि
  - प्रसिद्ध कवियत्री ईमली डिकिन्सन,उपन्यासकार भर्जीनिया उल्फ, यानी व्राडस्ट्रिट,एडिथ ह्वार्टन,हेरियट वीचर,मार्गारेट फुलर,एलिजावेथ विसप ,एलिजावेथ ब्यारेट ब्राउनिङ आदि
- १९सौं शताव्दिको मध्य
  - अमेरिकि लेखिका आलेस वाकरको कलर पर्पल, ली हार्परको "टु किल द मकिङ बर्ड, टोनी मोरिसनको बिलभेड,माया एन्जेलो को " आई नो ह्वेन द केज बर्ड सिंग"आदि
- बिसौं शताव्दिको अन्त्य र २१सौं शताव्दिको आरम्भ
  - नारी लेखनले आफ्नु स्थान पुरष लेखकको हाराहारीमा पुर्याउन सफल भएको छ।

# पृष्ठभूमि-विश्व साहित्य(अँग्रेजी) मा भारतीय मूलका नारी

- अमृता देसाई,भारती मुखर्जी, महादेवी वर्मा, चित्रा बनर्जी, किरण देसाई, झुम्पा लेहरी ले अमेरिकि साहित्याकाशमा आफ्नो स्थान बनाएका छन्।
- त्यस्तै एमी ट्यान जस्ता भियतनामी मुलका महिला लेखिका: “द ज्वाई लक क्लव “
- अरु मुलुकहरुमा पनि महिला लेखकहरुको स्थान क्रमश: गाढा हुदै गईरहेको छ।

# नेपालको परिप्रेक्ष

- नेपाली नारी लेखन नेपाली पुरुष लेखन भन्दा पछाडि
- नेपाली नारी लेखन अँग्रेजी नारी लेखन भन्दा पछाडि
- “छोरीले पढे वोक्सी हुन्छे”
- त्रस्त पुरुष समाजको मनोविज्ञान
- नारीको पूजा हुने ठाउँमा देवताको वास हुन्छ – भनाईमा मात्र सिमित

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००७ पूर्व
- को प्रथम: योगमायालाई वा ललितत्रिपुरा सुन्दरी
- योगमया
  - मौलिक , बिद्रोहि, विदुषी योगमाया। साक्षर समेत नभएकी योगमायाले अधिकांश रचना मुखैले कथेर मुखाग्र पारेको
- ललितत्रिपुरा सुन्दरी
  - रणबहादुर शाहकी पांचौ अथवा कान्छी रानी
  - सन् १८८१ मा महाभारतको शान्तिपर्वअन्तर्गतको "राजधर्म"अनुशासन पर्वलाई संस्कृतवाट नेपाली भाषामा अनुवाद

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००७ पूर्व
- योगमाया पछि:-
- श्यामदिलमाई पौडेल,भगवत कुमारी पाण्डे,त्यति प्रचारमा आउन नसकेको
- लोकप्रियादेवी (देवकोटाकी दिदी)
  - शारदा, उद्योग (पत्रिकमा प्रकाशित)
  - आंशु र आंशुका थोपा कविताको प्रकाशन पछि ख्याति

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००७ पूर्व
- शारदा पत्रिका:
- लोकप्रियादेवीका साथै,गोमा, कुसुमान्जरीदेवी, मधुधारा,प्रेम राजेश्वरी थापा,लक्ष्मीप्रिया देवी,आदी
  - लोकप्रियादेवी, गोमा र प्रेमराजेश्वरी थापा उल्लेखनिय
- कसुम मन्जरी देवीको सीता विलाप-धारावाहिक प्रकाशन
- बिद्यादेवी दीक्षितको “विलाप”शोककाव्य(१९९०)र “बिरह”(१९९३) अर्को शोककाव्य

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००७ पूर्व(गद्य)
- दुर्गादेवी आचार्यणी- “अनुसुया सीता संबाद(१९६५)- गद्य विधाको पहिलो सिर्जना
- अम्बालिका देवी- “राजपुत रमणी”(११९८९) - प्रथम मौलिक उपन्यास
- तुषार मल्लिका “स्त्री रत्न “(१९९२) (शारदामा)

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००७ पूर्व (गद्य)
- विद्यावती- “आत्माका पांच ईमान्दार सेवकहरु”(१९९२) –प्रथम निबन्ध
- श्रीमती प्रभा देवी को “नेपाली साहित्यमा नारी चित्र”(१९९६)- प्रथम समालोचना

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व
- २०१४ मा प्रकाशित पारिजातको “आकांक्षा” कविता संग्रह त्यसवेलाका नारी कवियत्रीहरुको प्रतिनिधित्व र नेतृत्व
- कोयली देवी माथेमा, छिन्नलता, प्रेम राजेश्वरी-गीति क्षेत्र
- पुण्यप्रभा देवी ढुंगाना, कुन्तीदेवी भट्टराई (लेखनाथ पौड्यालका छोरी)- कविता

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व
- गोमा उपाध्याय (प्रेमराजेश्वरी पछिकी  गीति काव्यकार )-कतिले प्रथम ठानछ्न्
- २०२०-२०४० का कवियत्री-
- मायादेवी सुव्वा,शुभद्रा किरण,आशा सिंह,मन्जु कांचुली,बानिरा गिरी, बेदकुमारी न्यौपाने,तोया गुरुङ, चांदनी शाह,वेन्जु शर्मा,कल्पना प्रधान,कुन्ता शर्मा, शीला पन्त, बिन्दु कोईराला

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व (गद्‌य)
- मोतीलक्ष्मीको पत्रात्मक शैलीको “रोदन”
- देवकुमारी थापा
  - भविष्य निर्माण, रामको कथा-प्रसिद्द कथा
  - बाल मनोविज्ञान मा आधारित कथा लेखन
- पारिजात
  - मैले नजन्माएको छोरो, पायरिया र ह्युरीको गन्ध –कथा
  - पारिजातको शिरीषको फूल(२०२२) -उपन्यास

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व (गद्य)
- पारिजात पछि
- कथा: माया ठकुरी,प्रेमा शाह, ईन्दिरा प्रसाई,भागिरथी श्रेष्ट,पद्मावती सिंह,अनिता तुलाधार, आदी
- उपन्यास: गीता केशरी, भागिरथी श्रेष्ट,वानिरा गिरि, प्रेमा शाह, ईन्दिरा प्रसाई,,पुष्पलता आचार्य,, प्रमिला उपाध्याय

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व (गद्य)
- निवन्ध र नाट्य: गोमा, सुधा त्रिपाठि, शान्ता श्रेष्ट,देवकुमारी थापा,भद्रा घले आदि
- समालोचना: सरीता ढकालक, गोमा, गार्गी, बेन्जुशर्मा, ईन्दु अधिकारी,देवी शर्मा, रमाशर्मा,डा ज्ञानु पाण्डे,आदि

# नेपाली नारी साहित्यकार-काल खण्ड

- २००८ देखि  २०४६ को जनआन्दोलन पूर्व (गद्य)

- बाल साहित्य: पद्मा शाहको “ईसप किस्सा कहानी”(२००९)ले शुरुआत गरेको

- कल्पना, रंजुश्री पराजुली ,प्रेमा शाह

# २०४६ यता

- नारी लेखन को विकास द्रुततर ,विज्ञान प्रविधि
- कविता विधा सवै भन्दा वढि
- धेरै नाम मध्ये केहि उल्लेख गर्न सकिएको
- यमुना रायको अल्झिएको जिन्दगी(२०४७) देखि लक्ष्मीदेवी राजभन्डारी,संगीता गुरुङ,शुषमा आचार्य,उषा शेरचन,तोया गुरुङ,कुन्ता शर्मा,ईन्दिरा प्रसाई, डा वानिरा गिरि, मेन्जु कांचुली,भारती खरेल, भुवन ढुगाना,सुधा त्रिपाठी,प्रेमा शाह,भागीरथी श्रेष्ट,कुन्ता शर्मा,मन्जु कांचुली,झमक घिमिरे,मोमिला, निलम कार्की निहारिका, ईश्वरीमैया श्रेष्ट,बिमला तुम्खेवा,शारदा शर्मा, सुलोचना मानन्धर,सीता पान्डे, प्रिया पत्थर, विन्दु सिग्देल, नम्रता गुरागाई,सन्ध्या पहाडी,उषा शेरचन,सिर्जना शर्मा

# २०४६ यता

- अहिलेका नारीलेखनको प्रकृति अनि विषय
- आदर्शलाई भन्दा यथार्थवाद, प्रयोगवाद्, प्रकृति प्रेम र समसामयिक गतिविधि
- कथा-
- केहि वढि विकास यो क्षेत्रमा
- देवकुमारी थापा, पारिजात, अनिता तुलाधार, सिता पाण्डे , माया ठकुरी, प्रेमाशाह, मंजु कांचुली, हिरण्य कुमारी पाठक,ईन्दिरा प्रसाईहरुले आफ्नो कथालेखन कायमै राखेको पाईएको छ भने अरु नया कथाकारहरुको पनि ताती लागेको छ। रेवती राजभन्डारी,शारदा शर्मा,पुस्पलता आचार्य,तोया गुरुङ,कुन्ता शर्मा,शशीकला मानन्धर,वावा वस्नेत,शुभे श्रेष्ट, कमला सरुप, निलम कार्की, ववितावस्नेत, सुस्मिता नेपाल,ईल्या भट्टराई ,जलेश्वरी श्रेष्ट,ईन्दिरा शाह, झमक घिमिरे
- उपन्यास
- गीता केशरी,भागीरथी श्रेष्ट, आशासिंह, प्रेमा शाह,वानीरा गिरि,कमला न्यौपाने,वेन्जु शर्मा,सीता पाण्डे, भारती खरेल,प्रमिला उपाध्याय,शोभा राना, सुस्मिता नेपाल, ईन्दिरा प्रसाई,शोभा भट्टराई छन्।वानिरा गिरिको कारागार अस्तित्वबादी उपन्यास हो भने ईन्दिरा प्रसाईको “उसको लोग्ने र विरालो”अनि सीता पाण्डेको “अन्तर्द्वन्द”बेग्ला बेग्लै प्रकारले नारी कथा प्रधान उपन्यास

# २०४६ यता

- नाट्य विधा, पत्रकारिता, यात्रा लेखन, आदि मा पनि हाल आएर प्रसस्त नारीहरु देखा परेका छन्। सावित्री सिलवाल,भद्रा कुमारी घले,सुधा त्रिपाठी, बाबा वस्नेत,शान्ता श्रेष्टले नाटक मा आफ्नो योगदान दिएका छन्।

# २०४६ यता

- बाल साहित्य
- देवकुमारी थापा र अन्जुदेवी भट्टराई पछि कल्पना प्रधान सवैभन्दा अगाडि रंजुश्री पराजुली, प्रेमाशाह , हिरण्यकुमारी पाठक, देविना प्रधानांग। शारदा अधिकारी ढकालले आफ्नो छोटो जीवनकालमा लामो स्थान लिन सफल, वसुश्री पाण्डे,लक्ष्मी उप्रेती,प्रभा भट्टराई,सुधा रिसाल,जलेश्वरी श्रेष्ट आदि

# २०४६ यता

- ५०को दशक देखि मात्र नारी गजलकार हरु देखिन थालेको
- श्रेष्ट प्रिया पत्थर नेपाली नारी गजल लेखनमा अगुवा
- त्यसपछि आचार्य प्रभा सविना मिश्र गीता पन्थ, मन्दिरा कोईराला, ईश्वरी कार्की, र मायामितु न्यौपाने

# २०४६ यता

- भारत र भारतीय उपमहाद्विपमा वसेर नेपाली साहित्यमा योगदान गर्ने महिलाहरु मा सानुमती राई, आशारानी राई,सुभद्रा सुव्वा,सावित्री सुन्दास,चन्द्रकला नेवार,देखि लिएर कुमारी खाती सम्म अनि ईन्दिरा थापा,कमला सांकृतायन,पवित्रा रेग्मी,लक्खीदेवी सुन्दास,बिन्द्या सुव्वा, शान्ति क्षेत्री, प्रमूख ।

# २०४६ यता

- डायस्पोरामा
- अमेरिकामा कमला सरुप,निलम कार्कि,सीता पाण्डे,पुष्पा शर्मा, प्रमिला शर्मा, कल्पना सत्याल, कल्पना सुवेदी, सरला श्रेष्ट, सिर्जना शर्मा, मंजु निरौला, गीता खत्री, पुनम काफ्ले, ज्योति पौडेल, कमला प्रसाई, वामा ढुंगाना, कविता घिमिरे,नम्रता गुरागाई,आचार्य प्रभा,सिर्जना शर्मा,सीता खरेल,भारती गौतम, अमेरिका वाहिर संजु वजगाई, पुनम क्षेत्री, बिन्दु मालिनी आदी ।